

श्री विश्ववन्धु थापा,
अध्यक्ष, राष्ट्रिय पंचायत

# पंचायत र यसका विभिन्न तह

# पञ्चायत र यसका विभिन्न तह

–श्रीविश्वबन्धु थापा ।

आफ्नो राजनीतिक व्यवस्थाको रूपमा हामीले पञ्चायतलाई स्वीकार गर्‍यौं । नेपाली जनजीवनसंग मिल्दो यसको रूपले गर्दा चाँडै नै यसको प्रचार भयो । गाउँदेखि राष्ट्रसम्म विभिन्न तहमा बाँडिएको यस व्यवस्थाले नेपालीलाई इच्छित पथप्रदर्शन गर्न सक्छ कि सक्दैन भन्ने कुरा महत्वपूर्ण छ । कुनै पनि राजनीतिक व्यवस्थाका शुरूको आकर्षण उसको सिद्धान्तले गर्दा हुन्छ । आफ्नो यस आकर्षणलाई कायम राख्न व्यवहारमा घोषित सिद्धान्तको उपयोग आवश्यक

छ । मानिसको शरीरले बाह्य वस्तुसंग विरोध गर्दछ भन्ने शरीर-विज्ञान शास्त्रीको भनाइ छ । मानिसको शरीर मात्र होइन मनले पनि नयाँ विषय चाँडै नै कबूल गर्दैनं । हाम्रो सामाजिक रीतिथितिमा बेग्ला-बेग्लै भौगोलिक परिस्थिति र वातावरणको छाप छ भनी थाहा पाएर पनि मानव अर्काको भन्दा आफ्नो व्यवस्थालाई असल ठान्दछ र आफ्नो श्रेष्ठतालाई सिद्ध गर्न उ मर्न मार्न तयार हुन्छ । हुनत मानव-विकासको इतिहास नै नयाँ खोजी, संघर्ष र परिवर्तनले भरिएको छ, तर नयाँ खोजीसंग संघर्ष अनिवार्य रूपले भएको छ । सूर्यमा कालो धब्बा देख्ने पहिलो वैज्ञानिक मारियो । पृथ्वी घुम्छिन् भन्ने उल्लू भयो । मानिस उड्न सक्दछ भन्नेलाई पागल भनियो । बलियोले निर्धालाई कमारा बनाउने बेलामा जन्मेका क्राइष्टले अहिंसा र बराबरीको कुरा गर्दा शूली चढ्नु पर्‍यो । पैगम्बर महम्मदका शिष्य काफिर हिन्दूलाई मारेर पृथ्विलाई जन्नत बनाउन चाहन्थे । वेदान्त, उपनिषद्, रामायण, महाभारत र गीतामा डुबेका आर्यावर्तका हिन्दू मुसलमानलाई म्लेच्छ भनी छोए पनि नर्क जानुपर्छ भन्ने प्रचारमा विश्वास गर्दथे । एउटै इसाई मतमा विश्वास गर्ने कैथलिक रानी मेरीले तीन सय

प्रोटेष्टेण्टलाई जिउँदै आगोमा हाल्न धक मानिनन्। आजका अमेरिकालीका धेरै पुर्खा सम्भवतः १६२५ को मे फ्लावर भन्ने त्यो जहाजमा थिए होलान् जुन जहाजले यसकारण इङ्गल्याण्ड छोड्नु पर्‍यो कि त्यसबेला प्युरिटिन्सलाई त्यहाँ कसैले देखिसहेन।

राजनीतिक व्यवस्था कम चाखलाग्दो छैन। राजतन्त्र नभई नचल्ने व्यवस्था आयो जब ऐन-कानूनको अभावमा मानिस मानिस अथवा समूह समूह आफूमा नै मारामार गर्न थाले। तर यही राजतन्त्र धेरै बाठो भएपछि मन नपर्ने हुन थाल्यो र गणतन्त्र र राजतन्त्रको संघर्षले धेरै देशका इतिहासका पाना भरिएका छन्। दुबैतर्फका समर्थक थिए र अनेकको हत्या भयो। धेरै भूभागमा राज्य गरेर ठूलो उत्पादनमा भर गर्ने व्यवस्थामा सानै ठाउँको पनि औद्योगिक उन्नतिले जब मिच्दै ल्यायो फेरि पुरानो समाजमा खलबली मच्चिन थाल्यो। पूँजीवाद र साम्यवादले पनि आफ्नो विस्तारकालमा कम मानिस मारेको छैन। अझै के कति मार्ने हो निश्चित छैन। प्रजातन्त्रका अनेक अनेक रूप भएका छन्। राजाको शक्ति नियन्त्रण गर्दा संसदीय राजतन्त्रको जन्म भयो। राजतन्त्रसंग सम्झौता हुन नसक्दा गणतन्त्र नै भयो। प्रजातन्त्र संसदीय राज-

तन्त्रको रूपमा होस् या गणतन्त्रको रूपमा, यसका पनि फेरि अनेक रूप छन्। जन प्रजातन्त्र, नयाँ प्रजातन्त्र, निर्देशित प्रजातन्त्र, नियन्त्रित प्रजातन्त्र, आधारभूत प्रजातन्त्र हालै सुनिएका शब्द भए पनि इङ्गल्याण्डसंग विद्रोह गरेर छुट्टिएको अमेरिकाले आफूलाई गण-तन्त्रवादी घोषित गरेर बेग्लै किसिमको प्रजातन्त्र ल्यायो। इण्डोनेशियाका वर्तमान प्रेसिडेण्टकोभन्दा अमेरिकाका पहिला प्रेसिडेण्टको अधिकार संविधानले नै पनि कम थिएन। कार्ल मार्क्सलाई जन्माउने जर्मनीले जन्माएको हिटलरको दाँजोमा अझै एशिया र अफ्रिकाले जन्माउन सकेको छैन। संसदीय प्रजातन्त्रको कुरामा चाख राख्नेले ट्यूडर वंश र हनोवर वंशका बीचको ब्रिटिश इतिहास पढे हुन्छ। प्रजातान्त्रिक भावनामा पूर्णता पाएका फ्रान्सेलीले डिगोललाई बढी अधिकार दिन धक मानेनन्।

यसरी यस परिवर्तनशील संसारमा परिवर्तन अवश्यम्भावी छ त प्रत्येक परिवर्तनको विरोध पनि अवश्यम्भावी छ। बलियो चाहिं संघर्षमा बाँच्दछ। अनेकपटक नयाँ कुरा पुरानाकोअगाडि टिक्न नसकेर बिलाएर पनि गएका छन्। तिनको उल्लेखसम्म इतिहासमा राम्ररी पाइँदैन, किनकि त्यो नयाँ व्यवस्था,

जसले पुरानो व्यवस्थालाई च्याँकिदिन्छ त्यसको अध्ययन गर्नमा नै इतिहासकार व्यस्त छन् । आफ्नो भौगोलिक आवश्यकताले हामीले पञ्चायत दर्शन अपनाएका छौं । हाम्रा उत्तर र दक्षिण तथा यिनीहरूबाट प्रभावित यिनका अनुयायीहरूलाई यो मन पर्छ नै भन्न सकिन्न । यो पञ्चायत कोसंग बढी सम्बन्धित छ यसैको अध्ययनमा नै उभय पक्ष लागेको छ । नयाँ कुराको परिकल्पना तुरुन्तै गर्न नसक्दा नै बिदेशीका लागि हामी अविश्वासका कारण भएका छौं । हाम्रोजस्तै भौगोलिक परिस्थितिमा र दयनीय आर्थिक अवस्थामा दुनियाँमा हामी मात्र छौं। हाम्रो कुरा सजिलै अरूले कसरी बुझून् । पञ्चायतले अरूको चित्त बुझाउनुभन्दा पनि आफ्नै नेपालीको चित्त बुझाउनु छ । यो नेपालीको व्यवस्था हो । यसलाई सफल गराउन राजा र प्रजा दुबै लागेका छन् । नेपाली आकांक्षा यसमा प्रतिबिम्बित हुनु परेको छ । पञ्चायतको सफलता नेपालीको सफल भविष्यसंग सम्बन्धित छ । दुनियाँको विकास कालमा अनेकौं वर्ष सुतेर आज बिउंझिएको नेपाल आफूलाई धेरै पछि परेको पाउँछ । अरूको दाँजोमा छिटो पुग्ने साधन हामीलाई चाहिएको छ । साधनका खोजीमा हामीले पञ्चायत पायौं । यो हाम्रो बाटो हो । संसदीय प्रजा-

तन्त्र र साम्यवादको गुण दोषको व्याख्या मैले गरिरहने आवश्यकता छैन । तर यति त उल्लेख गरिनै हालुँ कि नेपाल महान देश भारत र चीनको माझमा मात्र छैन बल्कि यी गुण र दोषले भएरिका महान वादले पनि च्यापिएको छ । यो गरीब नेपाल कुनतर्फको महानतामा मुग्ध हुने ? दस वर्षसम्म दक्षिणतर्फको मुग्धताको साटो अब उत्तरतर्फको अनुभव गर्न नेपाली तयार हुन सक्दैन । तिब्बत र दलाई लामाको अनुभव नै आफ्नो राजालाई प्यारो गर्ने नेपालीको लागि काफी छ । स्वाबलम्बी नेपाली आफ्नै भर पर्न चाहन्छ । दुबै पक्षको गुण लिएर दुबैको मित्र भएर बस्न नसकिने कारण देखिंदैन । हाम्रो पञ्चायतमा, सम्भव छ, हाम्रा दुबै मित्रले राम्रै कुरा देखून् । शुरूको संघर्षमा हामीले आत्तिनु हुन्न । पञ्चायतको जनप्रियताले नै यसको उज्ज्वल भविष्यलाई संकेत गर्दछ । सुखद नेपाली जीवन यस पञ्चायतले गर्दा प्राप्त भयो भने हाम्रो यो राजा र यो पञ्चायत अमर हुनेछ । "विश्वास फलदायक:" भन्ने कुरालाई सम्झी विश्वासपूर्वक हामीले आफ्नो बाटोमा केही वर्षअगाडि बढ्नु परेको छ । सबभन्दा ठूलो खांचो यही हो ।

यसरी विश्वासपूर्वक आफ्नो पञ्चायतमा अगाडि

बढ्दा हामीले पञ्चायतलाई चार भागमा बाँडिएको पाउँदछौं । पञ्चायतको दर्शनको सम्बन्धमा केही लेख्नुभन्दा यिनै विभिन्न तहको बारेमा केही लेख्नु उपयुक्त होला । चारै तहको पूर्ण जानकारीले पञ्चायत दर्शन स्वतः स्पष्ट हुन्छ ।

## ग्राम अथवा नगर पञ्चायत

स्थानीय समस्याको जानकारी र त्यसको सहज समाधानको उपाय स्थानीय योग्यतामा नै रहन्छ भन्ने सत्य कुरालाई मान्यता प्रदान गरी विश्वभरका प्रजातान्त्रिक मुलुकहरूमा स्वायत्त शासनव्यवस्था अथवा भनौं स्थानीय सरकारलाई बलियो पारिएको छ । मुलुकभरिका ठूला ठूला समस्यामा व्यस्त रहँदा इच्छा भएर पनि स्थानीय समस्याहरूले केन्द्रको आवश्यक ध्यान आकर्षित गर्न सक्दैन । सानातिना समस्याको समाधान केन्द्रले नगरेको देख्दा यसबाट पीडित भएका जनतामा एक अविश्वासको भावनाले प्रश्रय पाउँछ । आफ्नै स्वार्थले मानिसको तर्क प्रभावित हुने भएकोले सानातिना कुरामा पनि ध्यान दिन नसक्नेले ठूला ठूला कुरामा के विचार पुऱ्याउला भन्ने तर्क बलियो देखिन थाल्दछ । सरकारको दीर्घकालीन योजनामा अल्प-

कालमा नै तडपिरहेका लाग्ने पनि भएनन् । यसकारण केन्द्रले ठूला ठूला योजनामा ध्यान दिनको लागि पनि साना साना कुराबाट आफूलाई बेग्लै राख्नु परेको छ । पाठशाला आवश्यक छ छैन, र भए कुन ठाउँमा रहने, गाउँले बाटो कताबाट जाओस्, गाउँको कुलोमा कहाँबाट पानी ल्याउन सकिन्छ, गाउँका पर्ती जमीन के गर्ने, पञ्चायती बनको संरक्षण कसरी गर्ने, सहकारी खेती, व्यापार आदि यस्ता अनेक कुरा छन् जसको छलफलमा यससंग सम्बन्धित जनताले नै बढी दृष्टिकोणले विचार गर्न सक्दछन् । गाउँ या शहरलाई सफा राख्ने, बाटो मरम्मत गर्ने, रोग व्याधिको रोकथाम गर्ने, घर बनाउने या मरम्मत गर्न लगाउने, नालीको इन्तजाम गर्ने, खानेपानी, बिजुली र अरू आवश्यक सुबिधा आफ्नो नागरिकलाई पुऱ्याउने यस्ता अनेक कुराको चासो लिनलाई काठ-माडौंको एक कुनामा रहेको केन्द्रीय सचिवालयको जिम्मा लगाउनुभन्दा देशका प्रत्येक कुनामा फैलिएका गाउँ र नगर पञ्चायतलाई यस सम्बन्धमा जागरूक बनाउनु उत्तम कुरा हो भन्नेमा दुइ मत नहोला । प्रत्येक मानिस जन्मेपछि केही कुरा गरेर मर्न चाहन्छ । असल काम जिम्मा लगायो भने उसले असलै गर्नेछ र

काम नपाएकाले उपद्रो गर्ने काम भेट्टाउँछन् भन्नी मैले लेखिरहनु पर्दैन। सबै मै गर्छु भनी ओगट्नेले अन्तमा केही पनि नगरिरहेको हुन्छ। आफ्नो गल्तीले काम नभएको भन्न मानिस मान्दैन, तर देशभरिको सबै समस्याको समाधान म नै गर्छु भन्ने मानिसको कमी नभएर नै केन्द्रीयकरणको भावनाले प्रश्रय पाउँछ। बाँडेर काम गरूँ र बाँडेर खाऊँ भन्ने भावना चाहिएको छ। यसबाट सानो अवधिमा नै धेरै काम हुन सक्दछ। जुन काम गर्न हामी चाहन्छौं त्यही काम गर्न पञ्चायत व्यवस्थामा बालिग मताधिकारको आधारमा निर्वाचित ३५४८ ग्राम पञ्चायत र १४ नगर पञ्चायत तम्सिरहेका छन्। ३१९३२ ग्राम-पञ्चहरू र १८४ नगर-पञ्चहरूको संख्या देश-निर्माणका लागि अगाडि बढेकाहरूका लागि काफी महत्व राख्दछ। यो ठूलो जनशक्तिलाई सही निर्देशन दिने काम मात्र केन्द्रीय सचिवालयले गरिदिए ठूलो जनी हुने थियो। ग्राम पञ्चायत र नगर पञ्चायत पञ्चायत व्यवस्थाको जग हो। यसलाई जति बलियो र खँदिलो बनायो उति पञ्चायतको आधार भरपर्दो हुनेछ। काम गर्न सक्ने पार्नु माथि बसेकाको कर्तव्य हो। जनतामा आफ्नो कर्तव्यप्रति जागरुकता र काममा कर्मठता भएको भए

१०४ वर्षसम्म निरंकुश शासनको भार पर्नें नै थिएन र न १० वर्षसम्म प्रजातन्त्रको नाममा देश अनेक नेताहरूको खाल नै हुनेथियो। सक्दो जिम्मेदारी दिंदै गएर हामीले नेपालीलाई ठूलो ठूलो जिम्मेदारी वहन गर्न सक्ने बनाउनु छ। यसरी संरक्षक हुनेले उदार संरक्षक हुनु परेको छ। नाबालकको संरक्षक भएर पछि उसको धनमा मोज गर्ने मानिसको कमी नेपालमा छैन। शासकहरूले पञ्चायतलाई कति चाँडो सक्षम पार्दछन् त्यो भविष्यले नै भन्ला। बलियो र भरपर्दो पञ्चायतका लागि बलियो र भरपर्दो ग्राम र नगर पञ्चायतको हामीलाई खांचो छ। स्वावलम्बी मानिसको अनुहारमा देखिने खुशीयाली स्वावलम्बी ग्राम र नगर पञ्चायतको बनोटमा रहने छ। हाम्रा ग्राम अथवा नगरबाट बहेको स्वस्थ हावाको सुगन्धमा नेपाली मौलिकता फष्टाउनेछ भन्ने कुरामा कसलाई शंका हुन सक्दछ ?

## जिल्ला पञ्चायत

निर्वाचनद्वारा ग्राम र नगर पञ्चायत प्रतिनिधि-हरूले भेला भएर जिल्ला सभाको गठन गर्नेछन्। ७५ जिल्लामा गरी ३५४८ जिल्ला-सभाका पञ्चहरू र

८२५ जिल्ला पञ्चायतका पञ्चहरूको निर्वाचन हुन्छ। यो जिल्ला-सभाले जिल्लामा राष्ट्रिय पञ्चायतको काम वर्षमा दुइ पटक भेला भएर गर्नेछ र जिल्ला पञ्चायत जिल्लाको परिधिमा मन्त्रिपरिषद्‌को रूपमा हुनेछ। परराष्ट्र, रक्षा र यस्तै केन्द्रका कामसंगको सम्बन्धित मन्त्रालयसंग जिल्लामा कसैलाई वास्ता नभए पनि शिक्षा, स्वास्थ्य, यातायात, नहर, दाउरा-पात र यी काम गर्नका लागि केही अर्थको आवश्यकता पर्ने भएकोले जिल्लावासी यी कुरामा चनाखा रहने छन्। क्षमतानुसार जिल्लालाई काम सुम्पेर केन्द्र सानोतिनो झञ्झटबाट मुक्त हुन सक्दछ भने केन्द्रमा बस्ने नेपालीले उही राजाको जिल्लामा बस्ने नेपालीसंग चाँजो पांजो किन नमिलाउने? सम्भव छ स्थानीय शान्ति सुरक्षाको काम केन्द्रबाट खटाएको इन्सपेक्टर-भन्दा स्थानीयताको प्रेम भएको इन्सपेक्टरले स्थानीय व्यक्तिहरूको सहयोगबाट राम्ररी गर्न सक्ला। सामाजिक सुधारका काम, हाइस्कूलसम्मको शिक्षा, साना औषधालय, जिल्लाभित्रको बाटो निर्माण र मरमस्त, हुलाकको व्यवस्था, जिल्लावासीलाई हरघर संघा र दाउराको पूर्जी दिने र यसका लागि वन पाल्ने काम जिल्ला पञ्चायतले राम्ररी गर्न सक्दछ भन्ने कुरामा

शंका छैन । जिल्ला पञ्चायतको रेखदेखमा वर्तमान इलाका अदालतको व्यवस्था पनि गर्न सकिन्छ । जिल्ला माल, वन सम्बन्धी जिल्ला अफिस, र अरू पनि जिल्लास्तरका अनेक कर्मचारीको बदला प्रत्येक जिल्लामा एक सुनियोजित जिल्ला सचिवालयको स्थापना गरी काम थोरै र मानिस धेरैको आजको समस्या हल गर्न सकिन्छ । जिल्लाका मानिस आफ्नो जिल्लालाई राम्रो बनाउन चाहन्छन् भन्ने कुरामा शंका नभएपछि कसले पहिले राम्रो बनाउँछ यसको प्रतियोगिता हुनु असलै हुन्छ । जिल्लाको प्रगतिमा कुनै किसिमको छेकबार केन्द्र नहोस्, यसको ध्यान राख्नु पर्‍यो । तर यसको साथै हामी सबै एउटै देशका नागरिक भएकाले एक वृहत राष्ट्रिय योजनाको आवश्यकता पर्ने नै भयो । यस राष्ट्रिय योजनालाई मद्दत पुर्‍याउन जिल्लाका सबै कामको सूचना संबन्धित मन्त्रालयमा दिनु अनिवार्य बनाउन सकिन्छ । हाम्रा मार्ग यति बढी छन् र पैसाको यत्रो ठूलो अभाव छ कि यदि कुनै जिल्लाले आफ्नै भरमा काम गर्न खोज्दछ भने र यसबाट केन्द्रमा वर्तमान र भविष्यमासमेत आर्थिक बोझा पर्दैन भने यस्ता जिल्लालाई पूर्ण स्वतन्त्रता हुनु पर्दछ । उदाहरणार्थ कुनै एक जिल्लाले बढी

स्कूल, बाटो, वनको व्यवस्था गर्न सक्दछ र पछिको पनि जिम्मा लिन सक्दछ भन्ने केन्द्रले यस प्रगतिमा व्यवधान बन्ने कारण छैन । यो साँचो हो कि एक जिल्लालाई अर्को जिल्लाको शोषण गर्न दिन सकिंदैन। सकेसम्म हामी सबैले मिलेर उँभो जानुपर्छ र देशका कुना काप्चाको उन्नति भए मात्र देश अगाडि गएको ठहर्छ । तर यसको साथै साथी अगाडि बढेकोमा डाह पनि गर्नु हुन्न । प्रतियोगिता प्रोत्साहनको लागि हो । एउटा माथि भयो भने मात्र आर्को उक्लिन सक्छ भन्ने कुरा पहाडको अक्कर परेको ठाउँमा हिंड्नेलाई थाहा छ । आफ्नो भर पर, र गरे दुर्लभ केही छैन भन्ने सिद्धान्त मा पञ्चायत आएको छ । यो व्यवस्था हर साहसीलाई साहस दिन र कर्मठलाई अझ बढी कर्मठ बनाउन चाहन्छ ।

जिल्ला पञ्चायतको सभापतिको जिम्मा एक जिल्ला सचिवालय रहन्छ । केन्द्रबाट खटिएको पञ्चायत विकास अफिसर यस सचिवालवको मुख्य अफिसर रहनेछ । पूरा सचिवालयलाई अनुशासनमा राख्नु र काममा जागरूक राख्नु उसको कर्तव्य हो । पञ्चायत विकास अफिसरले जिल्ला पञ्चायतको सचिवको रूपमा पनि काम गर्नुपर्छ । जिल्ला पञ्चायतका प्रत्येक

पञ्चलाई विभिन्न काम जिम्मा लगाउन सकिन्छ र प्रत्येक पञ्चको जिम्मा जिल्ला–कोषको अवस्थानुसार संयुक्त अथवा बेग्लाबेग्लै स्थानीय कर्मचारी राख्न सकिन्छ। आफ्नो आफ्नो कामको पूर्ण जानकारी यी पञ्चहरूलाई दिने जिम्मेदारी जिल्ला–सभापतिको हो। सम्भव छ केही तालीमको आवश्यकता परोस्, यी पञ्चहरूको जिम्मामा बिस्तारै बिस्तारै जिल्ला स्तरको सम्पूर्ण काम दिन सकिन्छ। जिल्लास्तरमा पुलिस, जेल, बाटोघाटो, वन, सहकारीआन्दोलन, शिक्षा, स्वास्थ्य आदि अनेक कुराको व्यवस्था गर्न सकिन्छ। कहाँ, कसरी, कति समयमा यो काम गर्ने हो यसका लागि केन्द्रीय स्तरमा विशेष छलफल गर्नुपर्छ। मोटामोटी रूपमा दश वर्षको योजना बनाएर प्रथम वर्ष तीन ठाउँमा गरी प्रत्येक तीन वर्षमा यो संख्यालाई दोब्बर पार्दै गए हुन्छ। सम्भव छ पैसा र प्राविधिज्ञको अभावमा छिटो बढ्न नसकियोस्, तर दश वर्षको अवधिमा यो असम्भव देखिदैन। यदि हामी ३+३+३+६+६+६+१२+१२+१२+१२ को हिसाबले प्रत्येक वर्ष जिल्ला पञ्चायतमा ध्यान दिंदै गयौं भने दश वर्षमा ७५ जिल्ला पञ्चायत आफ्नो भरमा उठ्न सक्ने हुनेछन्। हिसाब गरे झैं सजिलो काम

गर्न छैन भन्ने कुरालाई स्वीकार गर्दै नम्रतासाथ यो पनि भन्न सकिन्छ कि काम शुरू गरूँ, कुराले टुङ्गो लाग्दैन । केन्द्रको स्थानीय प्रशासनको ठूलो बोझ जिल्लाले नलिई हाम्रो केन्द्रीय सचिवालयले ठूलो क्षेत्रमा सोच्न नै सक्दैन । जिल्लालाई आर्थिक सहायता दिएर तथा जिल्ला पञ्चायतका ८२५ पञ्चहरूलाई क्रिया-शील बनाई आफू मुक्त हुन पाउनु केन्द्रलाई सानो सौभाग्यको कुरा होइन । जिल्ला पञ्चायतका पञ्चहरू निकै जिम्मेदार छन् । यिनैबाट उकालो लागी राष्ट्रिय पञ्चायतमा आउँछन् र राष्ट्रिय दृष्टिकोणले राष्ट्रिय समस्यामा छलफल गर्दछन् । यस्ता महत्वपूर्ण व्यक्ति-लाई जिल्ला पञ्चायतमा छँदा नै स्थानीय र राष्ट्रिय समस्याबाट अवगत गराउन पाउनु पञ्चायतको ठूलो देन हो । राष्ट्रिय आकांक्षाले योग्य व्यक्तिको हातबाट सञ्चालित हुने मौका पायो भने कहिले निहुरन पर्दैन । हाम्रा ८२५ जिल्ला पञ्चहरूलाई जति बढी काममा लगाउन सक्यो उति जिम्मेदार उनीहरू हुनेछन् । जिल्लामा शिक्षा, स्वास्थ्य, वन र यातायात आदि समालेका पञ्च केही न केही बढी जिम्मेदार हुनेछन् र काम गर्ने क्षमता उनीहरूमा बढी हुनेछ । यसकारणले पनि यी भविष्यका राष्ट्रनिर्माताहरूलाई

सानो क्षेत्रमा नै व्यावहारिक तालीम दिनुपरेको छ। पञ्चायत व्यवस्थाको यो दोस्रो खुड्किलो निकै महत्वपूर्ण छ। जति सक्यो चाँडो यो महत्व हामी सबैले बुझ्नु नै श्रेयस्कर छ।

## अञ्चल पञ्चायत

प्रत्येक जिल्ला पञ्चायतबाट अञ्चलसभा बन्दछ र अनि १४ वटा अञ्चल पञ्चायतमा १५४ पञ्चहरू निर्वाचित हुन्छन्। अञ्चलसभाले अञ्चल पञ्चायत र राष्ट्रिय पञ्चायतको निर्वाचन गर्दछ। अञ्चल–सभाबाट यसरी दुइ महत्वपूर्ण हाँगा फाट्दछन्। एउटाले राष्ट्रव्यापी समस्यासंग जुध्नु पर्दछ त आर्को अञ्चलतहमा नै बसेर पञ्चायतका समस्यामा सोच्ने हुन्छ। समस्यामा सोच्ने भन्ने कुरा बडो महत्वपूर्ण छ। पञ्चायत आज व्यवहारमा छ। यसलाई दर्शनको खांचो छ। यसमा हरदृष्टिकोणले वादविवाद हुन बाँकी छ। कुनै पनि व्यवस्था आफ्नो सफलताका लागि बौद्धिक आधार चाहन्छ। अञ्चल पञ्चायतले यस खांचोको पूर्ति गर्नुपर्छ। अञ्चलसभाले, जसमा विभिन्न वर्गीय संगठनका प्रतिनिधि समेत रहनेछन्, पञ्चायत दर्शनको सम्बन्धमा विस्तृत छलफल गर्नेछ।

राजनीतिक, सामाजिक, आर्थिक हर दृष्टिकोणबाट कुनै पनि समस्यामा छलफल गर्न यो सभा स्वतन्त्र हुनेछ । राष्ट्रिय र अन्तर्राष्ट्रिय समस्यामा यसका निर्णयप्रति चाख राखेर विचार गरिनेछ । अञ्चल पञ्चायतले जिल्ला पञ्चायतमा समन्वय ल्याउने र आवश्यकतानुसार अञ्चलाधीशलाई विकासको काम-मा सहयोग दिने भन्ने विषय आवश्यक भए पनि उति महत्वपूर्ण छैन, जति कि पञ्चायत दर्शनको खोजीमा अञ्चाल पञ्चायतको चिन्तन र मननको छ । पञ्चायत गोष्ठी गरी, योग्य व्यक्तिहरूको भाषण गराई, छलफलको आधार तैयार गरी र स्वतन्त्रता र निर्भि-कतापूर्वक प्रत्येक महत्वपूर्ण विषयमा पञ्चायती दृष्टिकोणले सोची यी दार्शनिक पञ्चहरूले पञ्चायती व्यवस्थालाई एक मजबूत आधार दिनेछन् । आफ्नो खोजीको प्रचारका लागि प्रत्येक अञ्चलले सैद्धान्तिक विषयका लेख भएको मासिक पत्रिकाको सम्पादन गर्नेछ । पञ्चायत व्यवस्थाको आत्माको रूपमा अञ्चल पञ्चायतले शरीरका सबै अवयवलाई बलियो राख्नेछ । अञ्चल पञ्चायत जिल्लाको संरक्षक हो त राष्ट्रिय पञ्चायतको आलोचक र सहयोगी पनि हो । जिल्ला र राष्ट्रको प्रशासनिक बोझाबाट मुक्त

अञ्चलले तराई पहाड र भोट बस्ने नेपालीलाई एक सूत्रमा बाँध्नु छ; राष्ट्रियताको भावनालाई अझ बढा उनु छ र दिनहुँ एकान्तमा बसी यस कुराको खोजीमा लाग्नु छ कि श्री ५ महाराजाधिराजबाट बक्सेको पञ्चायती–सूत्रको व्याख्या गरेर जनसमक्ष राखियोस्। बुद्धमार्गीले "बहुजन सुखाय" नेपालीको माइलो सन्तान मागेथे। अद्यापि माइलो छोरा या छोरीले भिक्षु या भिक्षुणी भई विहारमा जिन्दगी बिताउन पर्दछ। राष्ट्रिय पञ्चायतलाई जेठोभन्दा अञ्चल पञ्चायत पनि माइलो भएको छ। शायद नेपालका माइलामा नै केही ठूलो शक्ति छ। सबै अञ्चल पञ्चायतमा गरेर मीसंग १५४ अञ्चल पंच छन्। पञ्चायत दर्शनको खोजीमा यो ठूलो समूह आफ्नो अस्तित्व बिर्सेर लाग्न सक्यो भने राजाको कल्पनालाई चाँडै नै वास्तविकातामा परिणत गर्न सकिन्छ। कुनै बेला हाम्रो समाजमा यस्ता दार्शनिकको कमी थिएन जो नदीकिनारा, पहाडका कन्दरा अथवा यस्तै कुनै अरू एकान्त स्थलमा गई चिन्तन र मनन गर्थे। यस्ता महापुरुषको सम्मानमा बडे बडे राजदरबारका ढोका सदा खुला हुन्थे र बडो नै प्रेमले उनका कटु आलोचना पनि सुनिन्थे। यदि हाम्रा अञ्चल

पञ्चहरूले व्यक्तिगत स्वार्थलाई बिर्सी राष्ट्रका लागि आफ्नो सर्वस्व लगाउन सके भने उनको चिन्तन र मननको सर्वत्र स्वागत नहोला भन्न सकिन्न। अञ्चल पञ्चायतलाई आफ्नो यस कर्तव्यपट्टि जागरूक बनाउनु आजको ठूलो समस्या छ। हामी सबै पञ्चले यस महत्वपूर्ण जिम्मेदारीतर्फ सोच्नु छ। निःस्वार्थ भावले केवल देशका लागि भनी पञ्चायतमा काम गर्ने मानिस कति प्राप्त हुन सक्छन् ? यो एउटा यस्तो प्रश्न हो जसको उत्साहवर्धक जवाफ पाउनैपरेको छ। कुनै पनि वाद या सिद्धान्तले त्यसको प्रतिपादनका लागि अनेक कर्मवीर तपस्वी जन्माएको हुन्छ। दिनरात काम गरेर बिलाएर जाने मौन तपस्वी पञ्चायतले पाउन सक्छ कि सक्दैन यसको जवाफ समयले मात्र दिन सक्छ। यति चाहिं आजै भन्न सकिन्छ कि यही जवाफको रूपमा नै पञ्चायतको भविष्य निर्भर छ।

## राष्ट्रिय पञ्चायत

प्रत्येक अञ्चलबाट जिल्ला र जनसंख्याको अनुपातमा गरी नब्बे, वर्गीय संगठनबाट पन्द्र:, स्नातकहरूबाट चार र सोह्र श्री ५ महाराजाधिराजबाट मनोनित

गरी हाम्रो राष्ट्रिय पञ्चायत एक सय पच्चीस सदस्यको छ। एउटै सदनको व्यवस्था भएकोले निर्वाचित र मनोनयन व्यक्तिहरू संगै राखिएका हुन्। राष्ट्रिय पञ्चायतका सदस्यहरूको सर-सल्लाहबाट श्री ५ राज्य गरिबक्सिन्छ भन्ने कुरालें नै राष्ट्रिय पञ्चायतको महत्वलाई दर्शाउँछ। यिनै एक सय पच्चीस जनाबाट नै मन्त्रिपरिषद्को गठन हुनेछ भन्ने नेपालको संविधानको २६ दफाले यो कुरा प्रष्ट गरेको छ कि जनप्रतिनिधिको ठूलो महत्व पञ्चायत व्यवस्थामा छ। राष्ट्रिय पञ्चायतमा ६ वर्ष र चार वर्षका लागि दुइ किसिमका सदस्य छन्। प्रत्येक दुइ वर्षमा पञ्चायतका तहबाट आएका एक तिहाई सदस्यहरूको निर्वाचन भइरहन्छ। अरू सदस्यहरू पनि चार वर्षमा फेरिने हुनाले चार वर्षभित्रमा पञ्चान्नब्बे (९५) सदस्यहरूले पुनः निर्वाचित अथवा मनोनित हुनुपर्नेछ। अटुट रूपले बस्ने हाम्रो राष्ट्रिय पञ्चायत प्रजातान्त्रिक इतिहासमा नयाँ प्रयोग हो। यसमा सरकारी अथवा विरोधी पंक्ति छैन। मन्त्री अथवा अरू सदस्यहरू आफ्नो नाम क्रमले संगसंगै बस्दछन् र प्रत्येक हप्ता अघिल्लो पंक्ति सबन्भदा पछि जान्छ। मन्त्रिपरिषद्को अध्यक्ष र राष्ट्रिय पञ्चायतको उपाध्यक्षलाई कुर्सी राष्ट्रिय

पञ्चायतको अध्यक्षको दाहिने र बायाँ छ । एक मित्रतापूर्ण वातावरणमा राष्ट्रिय पञ्चायत बस्दछ । विरोधका लागि विरोध छैन । गल्ती भएमा आलोचनाको कमी छैन, तर सच्याउने मौका पाउँदा मन्त्रीहरू खुशी हुन्छन् । संशोधनहरूमा गम्भीरतापूर्वक विचार होस् भनी स्थायी निर्देशन समितिको गठन छ । दुइ वर्षका लागि निर्वाचित यसका सदस्य पुनः निर्वाचनका लागि योग्य हुन सक्दछन् । सौहार्दपूर्ण वातारणमा भएको छलफलले मानिसहरूको सात्विक गुणलाई प्रोत्साहन दिन्छ । कार्यवाही गोप्य भएकोले हो अथवा पञ्चायतको आदर्शले हो केवल प्रचारको लागि बोलिएको सुनिएन । थाहा नभएको विषयमा बोल्ने मानिस पाइँदैन । धेरै पटक यस्तो पनि देखियो कि सुझाउको रूपमा विरोधमा बोले पनि मतदान गर्दा विरोध दर्शाइएन । मन्त्री परिषद् सबै सदस्यहरूको साझा वस्तु झैं छ ।

नयाँ नयाँ बनेको राष्ट्रिय पञ्चायत र त्यो पनि हिजोसम्म विभिन्न पार्टीमा छरिएकाको जमघट भएको ठाउँमा असन्तोष भनेको छँदैछैन भन्ने कुरा होइन । सहोदर भाइ र बाबु छोराको पनि झगडा सम्भव छ भने राष्ट्रिय पञ्चायतमा यसको सर्वथा अभाव कसरी

सम्भव होला ? तर प्रथम बैठकमा जे जति मेल देखियो त्यो उत्साहवर्धक भविष्यको संकेत गर्दछ । एक दोस्रोको इज्जत गर्नुपर्छ भन्ने जुन भावना सदनभित्र छ त्यो बाहिर कायम रह्यो भने राष्ट्रिय पञ्चायत दुनियाँमा एक उदाहरण हुन सक्दछ; यसमा शंका छैन । यो भन्नु गलत हुनेछ कि राष्ट्रिय पञ्चायतका सबै सदस्य केवल मन्त्री हुन नै आएका हुन् । पञ्चायतका उच्च आदर्शबाट पनि धेरै प्रेरित छन् र धेरैलाई यो पनि थाहा छ कि चाकरी र चुक्ली भन्दा इमादारी र योग्यता श्री ५ महाराजाधिराजलाई बढी मन पर्छ । केवल बेला बेलामा राष्ट्रिय पञ्चायतका सदस्यहरूले श्री ५ को दर्शन गरेर पनि लागेका कुरा जाहेर गरेका छन् ।

राष्ट्रिय पञ्चायतका सदस्यहरूमा पूर्ण सद्भावनाको वातावरण रहोस् यो पञ्चायती व्यवस्थाको सफलताका लागि आवश्यक छ । को मन्त्री भयो भन्ने कुरा उति महत्पूर्ण छैन, जति हामीले यस कुरामा ध्यान दिनु छ कि हामीमध्येको नै एकजना बढी काम गर्नका लागि श्री ५ बाट छानिबक्सियो । आफ्नो कर्तव्यपट्टि जागरूक हुने हो भने मन्त्री हुनु बडो नै कठीन परीक्षाको समय हो । एक दोस्रोको खुट्टा तान्दा कसैले सफलता प्राप्त गर्न सक्दैन, यो ध्रुव सत्य हो । माथि जानेले आफ्नो

आधार बिर्सिनु हुन्न र यस्तै मन्त्रिपरिषद्‌को सफलता नै पञ्चायत विरोधीहरूको अन्तिम हार हो र राष्ट्रिय पञ्चायतको दीर्घायुको कारण हो भन्ने कुरा पञ्चायत-संग सम्बन्धित नेपाली मात्रले बिर्सिनु हुन्न ।

पञ्चायतका विभिन्न अंगको छोटकरी बयान मैले गरेको हुँ । देशमा सबै मिलाएर ३३,२२० पञ्चहरू छन् । विभिन्न तहका यी महत्वपूर्ण कर्मठ जनसेवी पञ्चहरूलाई देश–निर्माणको काममा लगाइरहन विस्तृत खोजी भइरहनु पर्दछ । १४ वटा अञ्चल पञ्चायतहरूले यस दिशामा धेरै काम गर्नु परेको छ । पञ्चायत दर्शनमा विस्तृत खोजीका लागि ठाउँ छ । यो हाम्रो व्यवस्था हामी नेपालीकै परिश्रमबाट बाँच्नु पर्दछ । यसबाट हामी उकालो लागेपछि हाम्रा सहयोगीको कमी दुनियाँमा र खास गरी एशिया, अफ्रिका र ल्याटिन अमेरिकामा हुने छैन । तर हामी अहिले कसैका पथप्रदर्शक होइनौं । आफ्ना राजाको पवित्र आह्वानमा हामी आफ्नै मूलबाटो खन्दै छौं ।

पहिलो पटक–१०,००० प्रति
श्रावण, २०२०
"क" श्रेणी–१

श्री ५ को सरकार,
पञ्चायत मन्त्रालय, प्रचार तथा प्रसार बिभाग
मुद्रक–गोरखापत्र छापाखाना